प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

मुकामःबुटवल, नेपाल

## मौरी विकास प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/७/२६**

यस निर्देशनालयको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत मौरी विकास प्रवर्द्धन कार्यक्रम अन्तर्गतका तपशिल वमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक लुम्बिनी प्रदेश अन्तर्गत रहेका कृषक समूह/कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले २० दिन भित्र तोकिएको ढाचाँमा प्रस्ताव सहित देहाय वमोजिमका कागजातहरु संलग्न गरी यस निर्देशनालय वा सम्वन्धित कृषि ज्ञान केन्द्र तथा एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्वन्धि मौरी विकास प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि,२०७७ तथा प्रस्ताव ढाँचा र संलग्न गर्नु पर्ने कागजात सम्वन्धि जानकारीको लागि यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइटdoad.p5.gov.np तथा molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि फोन न ०७१-४२०५४३,४२००१२ मा सम्पर्क गर्न सकिनेछ ।

तपशिलः.

| क्र.सं | कार्यक्रम | स्वीकृत लक्ष्य | अनुदानको सीमा | न्यूनतम आवश्यक मापदण्ड |
|---|---|---|---|---|
| १ | मौरी विकस प्रर्वद्धन कार्यक्रम (मह लगायत मौरी उत्पादनहरुको विक्रि वितरणको लागि आधुनिक विक्री कक्ष स्थापना (हनी मार्ट-मह पसल) | ६ वटा | कुल लागतको ५० प्रतिशत वा प्रति अनुदान ग्राही वढिमा रु.५ लाख सम्म | १.गत आ.व भित्र प्रचलित कानून वमोजिम दर्ता भएको कृषक समूह /कृषि सहकारी हुनु पर्नेछ ।<br>२.मह उत्पादन/विक्रि वितरणमा संलग्न भएको हुनु पर्नेछ<br>३. अनुदान प्राप्त भएमा कम्तीमा १० वटा ब्यवसायिक मौरी पालक कृषकसंग अग्रीम मह खरिद सम्झौता गरेको गर्नु पर्नेछ।<br>४. हनी मार्ट (मह पसल) संचालन पश्चात गुणस्तर परिक्षण गरेको मह मात्र विक्री गर्नुपर्नेछ ।<br>५.स्वदेशी मह तथा मौरी जन्य उत्पादन विक्रि वितरण गर्न पाईनेछ। |

संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः

- आवेदनको निवेदन ।
- तोकिएको वमोजिमको ढाँचामा आयोजनाको प्रस्ताव।
- समूह /सहकारीको निर्णय प्रतिलिपि ।
- समूह /सहकारी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि (गत आ.व. सम्म दर्ता भएको)।
- प्रस्तावकहरूको कर चुक्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
- सम्वन्धित कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयको सिफारिस पत्र
- माग गरिएका कृयाकलापहरुमध्ये पूजिगत/पूर्वाधारको ईन्जिनियरिङ डिजाईन,औजार उपकरणहरुको स्पेशिफिकेशन सहित अनुमानित लागत खर्च पेश गर्नु पर्नेछ।
- मह विक्री कक्ष राख्न भाडामा लिने घर/सटर कोठाको घर धनीको मञ्जुरीनामा पत्र ।

राम नारायण देवकोटा
पसस

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

मुकामः बुटवल, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.३ | उपमहानगरपालिका लक्षित आधुनिक वजार निर्माण - बुटवल, तुल्सिपुर, घोराही र नेपालगंज) | ४ वटा | कुल लागतको ५० प्रतिशत वा प्रति अनुदानग्राही वढिमा रु पचास लाख सम्म) | १.माथि टेवल २ मा उल्लेखित मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।<br>२. मन्त्रालय लगाएत मातहतका निकायको सहयोगमा स्थापना भएका कम्तिमा ४ वटा सहकारी/कृषक पसल/स्मार्ट कृषि गाँउ संग अग्रिम खरिद सम्झौता गरको हुनु पर्नेछ।<br>३.वजारको भौतिक संरचना- भवन,जग्गाआदि प्रस्तावकले ब्यवस्था गरेको हुनु पर्नेछ। | कृषक समूह /कृषि सहकारी/कृषि वजार समित | कृषि उपजको वजारिकरण तथा वजार प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि,२०७७ को अनुसूची-२ को ढाचाँमा प्रस्ताव सहित अनुसूची-९ वमोजिमको कागजातहरु र स्थानिय तहको सिफारिस पत्र । |
| १.४ | मह,अदुवा, सुन्तला र वर्षे आलु वजारिकरणका लागि प्रदेशको व्रान्डिङ्ग | ४ वटा | कुल लागतको ५० प्रतिशत वा प्रति अनुदानग्राही वढिमा रु वीस लाख सम्म) | १.माथि टेवल १ मा उल्लेखित मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।<br>२.व्यवसायीक रुपमा स्वीकृत कार्यक्रममा तोकिएको वालीहरुको खेती/उत्पादन/विक्री वितरणमा संलग्न भएको हुनु पर्नेछ ।<br>३.गुणस्तर मापन गर्न सकिने वालीको हकमा गुणस्तर परीक्षण समेत गराउनु पर्नेछ । | कृषक समूह /कृषि सहकारी | कृषि उपजको वजारिकरण तथा वजार प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि,२०७७ को अनुसूची-४ को ढाचाँमा प्रस्ताव सहित अनुसूची-९ वमोजिमको कागजातहरु र स्थानिय तहको सिफारिस पत्र । |

राम नारायण देवकोटा
पमस

प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

मुकामःबुटवल, नेपाल

## कृषि उपजको वजारिकरण तथा प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/७/२६**

यस निर्देशनालयको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार तपशिल वमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक लुम्विनी प्रदेश अन्तर्गत रहेका ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाचाँमा देहाय वमोजिमका कागजातहरु संलग्न गरी यस निर्देशनालय वा सम्वन्धित कृषि ज्ञान केन्द्र तथा एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्वन्धि कृषि उपजको वजारिकरण तथा प्रवर्द्धन कार्य सञ्चालन विधि,२०७७ तथा अनुसूची र संलग्न गर्नु पर्ने कागजात सम्वन्धि जानकारीको लागि यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइटdoad.p5.gov.np तथा molmac.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ ।थप जानकारीको लागि फोन न ०७१-४२०५४३,४२००१२ मा सम्पर्क गर्न सकिनेछ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपशिलः

| क्र.सं | कार्यक्रम | स्वीकृत लक्ष्य | अनुदानको सीमा | न्यूनतम आवश्यक मापदण्ड | आवेदकको किसिम | संलग्न गर्नु पर्ने कागजात |
|---|---|---|---|---|---|---|
| १ | **वजार विकास कार्यक्रम** | | | | | |
| १.१ | मोवाइल (चलायमान) पसल संचालन (व्यवसायिक कृषकलाई मोवाईल पसलका लागि अटो/ईरिक्सामा सहयोग) | लुम्विनी प्रदेशका तराईका ६ जिल्लामा प्रति जिल्ला न्यूनतम ३ वटाका दरले | कुल लागतको ५० प्रतिशत वा प्रति अनुदानग्राही वढिमा रु ३ लाख सम्म | १.गत आ.व भित्र प्रचलित कानून वमोजिम दर्ता भएको कृषक समूह /कृषि सहकारी हुनु पर्नेछ ।<br>२.तरकारी उत्पादन/विक्रि वितरणमा संलग्न भएको हुनु पर्नेछ ।<br>३. विगत २ आ.व. भित्र सोही प्रकृतिको कामको लागि कुनै निकायबाट अनुदान नलिएको हुनु पर्नेछ । | कृषक समूह /कृषक समूहको सिफारिसमा समूहले तोकेको सदस्य | कृषि उपजको वजारिकरण तथा वजार प्रवर्द्धन कार्य सञ्चालन विधि,२०७७ को अनुसूची-१ को ढाचाँमा प्रस्ताव सहित अनुसूची-९ वमोजिमको कागजातहरु र स्थानिय तहको सिफारिस पत्र । |
| १.२ | वजारिकरणको लागि ढुवानी तथा अन्य सहयोग | ४ वटा | कुल लागतको ५० प्रतिशत वा प्रति अनुदान ग्राही वढिमा रु.१२५००००।० .(वाह लाख पचास हजार सम्म) | १.माथि टेवल १ मा उल्लेखित मापदण्डहरु पुरा भएको हुनु पर्नेछ ।<br>२.कार्यक्रम संचालन स्थान राजमार्ग/सदरमुकाम जोड्ने सडक हुनु पर्नेछ । | कृषक समूह /कृषि सहकारी | |

प्रेम नारायण देवकोटा

प्रमुख